बैठक संख्या: २०७८/७९-१

आज मिति २०७८/०४/०१ गते शुक्रबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

## उपस्थिति

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | |
| ४ | श्री राम बहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | |
| ५ | श्री रुद्र बहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | |
| ७ | श्री बिर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ९ | श्री तारा गिरी | सदस्य | |
| १० | श्री खुमा सुनार | सदस्य | |
| ११ | श्री मैकली बुढाथोकी | सदस्य | |
| १२ | श्री कमला रावत | सदस्य | |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | |
| १४ | श्री लक्ष्मी साकी | सदस्य | |

अन्य उपस्थित

श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

श्री सन्तोष बोहरा — का.स.

श्री कमल चन्द — सहायक चौथो

श्री रविन्द्र ब. थापा — लेखापाल

श्री कृष्ण बहादुर चलाउने — सहायक चौथो

CamScanner

**प्रस्तावहरु**

१. मिति २०७८ साल असार २९ गते भएको घटना सम्वन्धमा ।
२. करार अवधि थप सम्वन्धमा ।
३. बजेट निरन्तरताका लागि अनुरोध गर्ने सम्वन्धमा ।
४. घरभाडा सम्वन्धमा ।
५. आव २०७८/७९ को दायित्व सिर्जना सम्वन्धमा ।

## निर्णयहरु

**निर्णय नं १:**

मिति २०७८ साल असार २९ गते गाउँपालिकाको कृषि शाखा प्रमुख चन्द्र बहादुर केसी माथि भएको कुटपिट र कार्यालय भित्र प्रवेश गरी कागजात यत्रतत्र गरेको कुकार्य प्रति निन्दा प्रकट गर्दै यस घटनाको सन्दर्भमा पुनः एक पटक छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं २:**

संघिय सरकारका विभिन्न कार्यक्रमहरु संचालनका लागि यस गाउँपालिकामा कार्यरत तपशिल बमोजिमका कर्मचारीहरुको करार अवधि २०७८ श्रावन १ गतेदेखि लागु हुनेगरी २०७९ असार मसान्तसम्मका लागि थप गर्ने निर्णय गरियो ।

**तपशिलः**

| सि.न. | कर्मचारीको नाम | पद | कार्यक्रम | कै |
|---|---|---|---|---|
| १ | भिमलाल भण्डारी | सूचना प्रविधि अधिकृत | PLGSP | |
| २ | राम कुमार डाँगी | रोजगार संयोजक | प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| ३ | लोकेन्द्र बादी | प्राविधिक सहायक | प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| ४ | रन बहादुर बुढाथोकी | एम.आइ.एस. अपरेटर | राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा कार्यक्रम | |
| ५ | लक्ष्मी अधिकारी | फिल्ड सहायक | राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा कार्यक्रम | |
| ६ | सिता बुढा मगर | उद्यम सहजकर्ता | MEDPA कार्यक्रम | |
| ७ | निर्मला बस्नेत | उद्यम सहजकर्ता | MEDPA कार्यक्रम | |
| ८ | तुलसा कवर | पोषण स्वयंसेवक | बहुक्षेत्रिय पोषण कार्यक्रम | |
| ९ | निशा केसी | ना.प्रा.स. | एक गाउँ एक | |

अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | प्राविधिक कार्यक्रम | |
| १० | टिका बस्नेत | ना.प.स्वा.प्रा. | एक गाउँ एक प्राविधिक कार्यक्रम | |
| ११ | चक्र बहादुर केसी | ना.प.स्वा.प्रा. | एक गाउँ एक प्राविधिक कार्यक्रम | |
| १२ | तिला रेउले | ना.प्रा.स. | एक गाउँ एक प्राविधिक कार्यक्रम | |
| १३ | चेतना घिताल | स्टाफ नर्स | कोभिड अस्थायी अस्पताल | |
| १४ | निर्मला कुमारी चलाउने | स्टाफ नर्स | कोभिड अस्थायी अस्पताल | |
| १५ | शन्तोष बोहरा | कास | कोभिड अस्थायी अस्पताल | |

**निर्णय नं ३ः**

आ.व. २०७७/०७८ मा कर्णाली प्रदेश सरकार सशर्त, विशेष र समपुरक अनुदान अन्तर्गत स्वीकृत भएका तपसिल बमोजिमका योजनाहरु ठेक्का सम्झौता भएकोमा कोभिड १९ का कारण समयमा काम सम्पन्न हुन नसकेकोले यस आ.व. मा सम्पन्न गर्ने गरि बजेटको निरन्तरता हुने ब्यवस्था गरिदिन कर्णाली प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | स्वीकृत योजना | बजेट | सम्झौता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | माझखर्क राम्री छापडाँडा सडक निर्माण - समपुरक अनुदान | ७० लाख | ३४,७५,०३०/१३ | |
| २ | फलाटे कालालेख सडक निर्माण - समपुरक अनुदान | ७० लाख | ३२,०२,१०१/३४ | |
| ३ | बालकल्याण आ.वि. फलाटेमा २ कोठे भवन निर्माण - बिशेष अनुदान | २० लाख | १६,९५,२८६/१७ | |
| ४ | शान्ति सुन्दर मा.वि. खार्बनमा २ कोठे भवन निर्माण - सशर्त अनुदान | २५ लाख | १९,१९,९५६/५८ | |

खिम बहादुर चलाउने
अध्यक्ष

प्रमुख प्रशासकीय

**निर्णय नं ४:**

यस गाउँपालिकाको कार्य संचालन निर्देशिका, २०७७ दफा १५ मा व्यवस्था भए बमोजिम गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका भन्दा बाहिर घर भएका अधिकृत स्तरका कर्मचारीलाई आवास सुविधाका लागि घर भाडामा लिई सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

आव २०७७/७८ मा विभिन्न कारणले काम सम्पन्न हुन नसकेका तपशिलका योजना तथा कार्यक्रमलाई दायित्व सिर्जना गरी आव २०७८/७९ को बार्षिक कार्यक्रममा समाहित गर्ने निर्णय गरियो ।

| सि न | कार्यक्रमको नाम | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण |
|---|---|---|---|---|
| १ | शान्ति सुन्दर मावि खार्वन 2 कोठे भवन निर्माण योजना | पानस निर्माण सेवा | १४३४९९७.८४ | समयमै विल भरपाई नआएको । |
| २ | बाल कल्याण आ वि फलाटे २ कोठे भवन निर्माण | पानस निर्माण सेवा | १२४६६१०.२९ | समयमै विल भरपाई नआएको । |
| ३ | फँलाटे कालालेख सडक निर्माण योजना | गौरीगोमा निर्माण सेवा प्रा लि | १२०६५१५.४१ | समयमै विल भरपाई नआएको । |
| ४ | स्वास्थ्य चौकी बाँझकाडाँ जमिन सम्माउने तथा पर्खाल निर्माण | अमृता एण्ड नारायण कन्ट्रक्सन | ४९५५१३.६० | समयमै विल भरपाई नआएको । |
| ५ | बाँझकाडामा लिफ्ट खानेपानिका लागि समरसिभल पम्प खरिद योजना | मेघराज कन्स्ट्रक्सन इनर्जि एण्ड सप्लायर्स | ४९४९४०.०० | समयमै विल भरपाई नआएको । |
| ६ | जनसेवा आवि फर्निचर खरिद तथा कार्यालय व्यवस्थापन | श्री जनसेवा आधारभुत विधालय | ७००००.०० | समयमै विल भरपाई नआएको । |
| ७ | आधारभुत स्वास्थ्य केन्द्र खार्वन भवन निर्माण | किस्टल निर्माण सेवा | २४०६७३०.०० | समयमै विल भरपाई नआएको । |
| ८ | छाँपडाँडा गुइदे बनगाड सडक क्रमागत | छाँपडाँडा गुइदे बनगाड सडक निर्माण उपभोक्ता समिति | ९९७५००.०० | समयमै विल भरपाई नआएको । |

चित्र बहादुर चलाउने
अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधि

CamScanner

बैठक संख्या: २०७८/७९-२

आज मिति २०७८/०५/१३ गते आइतबारका दिन विहान ८ बजे सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

## उपस्थिति

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | |
| ४ | श्री राम वहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | |
| ५ | श्री रुद्र वहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | |
| ७ | श्री विर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ९ | श्री तारा गिरी | सदस्य | |
| १० | श्री खुमा सुनार | सदस्य | |
| ११ | श्री मैकली वुढाथोकी | सदस्य | |
| १२ | श्री कमला रावत | सदस्य | |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | |
| १४ | श्री लक्ष्मी साकी | सदस्य | |

## अन्य उपस्थित

श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

श्री कमल चन्द — प्रशासन शाखा प्रमुख

श्री रन वहादुर बोहरा — कास

श्री रविन्द्र बहादुर थापा — लेखापाल

श्री पुष्कर बहादुर चलाउने — [illegible]

**प्रस्तावहरु**

१. अध्यक्ष रोजगारको लागि योजना छनौट सम्वन्धमा ।

२. हेल्थ असिस्टेन्टको विज्ञापन रद्ध सम्वन्धमा ।

३. गाउँपालिकाको सभाहलको भाडा निर्धारण सम्वन्धमा ।

४. विद्यालयको लेखा परिक्षण सम्वन्धमा ।

५. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

६. प्राविधिक धारको शिक्षक पदपूर्ति सम्वन्धमा ।

७. सिफारिस सम्वन्धमा ।

८. बाझकाडा स्वास्थ्यचौकीमा Retaining wall निर्माण सम्वन्धमा ।

९. प्रहरी चौकी ढोरचौरलाई सहायता सम्वन्धमा ।

१०. सिद्ध कुमाख गाउँपालिको योजना प्रक्रियामा युवा सहभागिता सम्वन्धि कार्यविधि २०७८ सम्वन्धमा ।

११. आर्थिक सहायता सम्वन्धमा ।

१२. आव २०७७/७८ को दायित्व सिर्जना भएका योजना तथा कार्यक्रमको भुक्तानी सम्वन्धमा ।

अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं १:

आव २०७८/७९ मा अध्यक्ष रोजगार कार्यक्रमको लागि तपशिलका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

तपशिल:

| सिन | योजनाको नाम | वडा न | विनियोजित रकम |
|---|---|---|---|
| १. | श्री जागृति आवि गोरेटो बाटो र चौतारो निर्माण तथा विद्यालय भवन मर्मत | १ | ३ लाख |
| २. | श्री शान्ति आवि गोरेटो बाटो र शौचालय तथा भौतिक पूर्वाधार मर्मत योजना | १ | २ लाख |
| ३. | श्री निराजन मावि ढोरचौर फिल्ड निर्माण तथा घेरवार योजना | ३ | ३ लाख |
| ४. | श्री बालकल्याण आवि करेसावारी तथा घेरवार मर्मत योजना | ३ | २ लाख |
| ५. | श्री सिद्ध मावि भँडारे फिल्ड मर्मत तथा घेरवार योजना | २ | २ लाख ५० हजार |
| ६. | श्री देउराली मावि कुइँयाझोल फिल्ड मर्मत संभार योजना | २ | २ लाख ५० हजार |
| ७. | श्री नवज्योति बालविकास भवन मर्मत योजना | ५ | ३ लाख |
| ८. | श्री हिमालय आवि माझखर्क भवन मर्मत योजना | ५ | २ लाख |
| ९. | श्री शान्ति सुन्दर मावि घेरवार निर्माण तथा पर्खाल निर्माण योजना | ४ | ३ लाख |
| १०. | श्री जनता कालिका आवि फिल्ड निर्माण | ४ | २ लाख |

निर्णय नं २:

यस गाउँपालिकाको वडा नं ५ अन्तर्गत चाँदे स्वास्थ्य चौकीको लागि हे.अ. पदमा विज्ञापन गरिएकोमा उक्त पदमा सरुवा भएर स्थायी कर्मचारी आई पदपूर्ति भइसकेकोले उक्त विज्ञापन रद्द गर्ने र परिक्षा शुल्क वापत् लिइएको रकम सम्वन्धित आवेदककर्तालाई फिर्ता गर्ने निर्णय गरियो ।

अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं ३:**

यस गाउँपालिकामा रहेको सभाहलमा विभिन्न तालिम र कार्यक्रमहरु सञ्चालन गरे बापत् हलभाडा प्रतिदिन रु १००० का दरले लिने निर्णय गरियो ।

**निर्णय नं ४:**

यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालय र स्वास्थ्य चौकीको आव २०७७/७८ को लेखा परिक्षण गर्नको लागि लेखा परीक्षकहरुलाई सूचिकृत गर्न स्थानीय पत्रिकामा सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

मिति २०७८/०५/०४ गते बसेको गाउँ शिक्षा समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:**

निराजन मावि ढोरचौरको पशु प्राविधिक धारतर्फ करारमा १ जना वरिष्ठ प्रशिक्षक(मावि द्वितिय श्रेणी) र १ जना मावि द्वितिय श्रेणी विज्ञान शिक्षक पदपूर्ति गर्न अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं ७:**

निराजन माध्यमिक विद्यालयमा रिक्त निमावि (अग्रेजी राहत शिक्षक) पदपूर्ति गर्न शिक्षा विकास तथा समन्वय इकाइलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ८:**

यस गाउँपालिका अन्तर्गतको वडा नं १ मा रहेको वाझकाडा स्वास्थ्य चौकीको भवन पहिरोको कारण उच्च जोखिममा रहेकोले Retaining wall निर्माण गर्न रु ५ लाख बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ९:**

प्रहरीचौकी ढोरचौरबाट ढोरचौर बजार क्षेत्रमा सिसि क्यामेरा जडान र रासी लोकमार्गको यस गाउँपालिकामा पर्ने खण्डमा ट्राफिक सचेतना वोर्ड राख्न अनुरोध भइ आएकोले ढोरचौर बजारमा सिसि क्यामेरा जडान तथा सडकका विभिन्न स्थानमा ट्राफिक सचेतना वोर्ड राख्ने निर्णय गरियो ।

**निर्णय नं १०:**

सिद्ध कुमाख गाउँपालिकाको योजना प्रक्रियामा युवा सहभागिता सम्वन्धि कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

स्थिर बहादुर खलाउने
अध्यक्ष

सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं ११:**

यस गाउँपालिकामा बाढीपहिरो लगाएकोको प्राकृतिक प्रकोपका कारण घर, गोठ र खेत क्षतिग्रष्त भएका तपशिलका व्यक्तिहरुलाई तपशिलको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्रस | नाम | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | शोभाराम रोका | सिद्ध कुमाख २ | ५००० | पहिरोका कारण घरमा क्षति |
| २ | सपना घर्ती | सिद्ध कुमाख १ | ५००० | वर्षातका कारण घरमा क्षति |
| ३ | देविलाल बुढाथोकी | सिद्ध कुमाख १ | ५००० | वर्षातका कारण घरमा क्षति |
| ४ | विष्णु प्रसाद रोका | सिद्ध कुमाख १ | ३००० | वर्षातका कारण घरमा क्षति |
| ५ | सरस्वती रावल | सिद्ध कुमाख १ | ५००० | वर्षातका कारण घरमा क्षति |
| ६ | तुलसिंङ वोहरा | सिद्ध कुमाख ५ | ४००० | बाढीले खेतको कुलो बगाएको । |

**निर्णय नं १२:**

आव २०७७/७८ मा बजेट अभाव र कोभिड १९ का कारण ढिलो गरी कार्य सम्पन्न भएका तपशिलिका योजनाहरुको दायित्व सृजना भएकोले यस आव २०७८/७९ को बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी भुक्तानी दिने निर्णय गरियो ।

**तपशिलः**

क) नेपाल सरकार सशर्त अनुदान अन्तर्गत आव २०७७/७८ को राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने बाली बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) अन्तर्गत सिद्ध कुमाख १ स्थित नवज्योती वहुउद्धेश्यिक कृषक समुहको भुक्तानी भएकोमा चेक नसाटिएको कारण दायित्व सृजना गरि यस आव २०७८/७९ को बार्षिक वजेट तथा कार्यक्रममा समावेश गरि भुक्तानी दिने निर्णय गरियो ।

ख) नेपाल सरकार सशर्त अनुदान अन्तर्गत आव २०७७/७८ मा स्यानीटरी प्याड खरिद भएकोमा विल भरपाई गत आवको अन्तिममा पेश हुन आएकोले भुक्तानी हुन नसकेको दायित्व सृजना गरि यस आव २०७८/७९ को बार्षिक वजेट तथा कार्यक्रममा समावेश गरि भुक्तानी दिने निर्णय गरियो ।

शिव बहादुर कलाउने
अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बैठक संख्या: २०७८/७९-३

आज मिति २०७८/०६/१२ गते मंगलबारका दिन सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

**उपस्थिति**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | (हस्ताक्षर) |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | (हस्ताक्षर) |
| ४ | श्री राम बहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | (हस्ताक्षर) |
| ५ | श्री रुद्र बहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | (हस्ताक्षर) |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | (हस्ताक्षर) |
| ७ | श्री बिर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | (हस्ताक्षर) |
| ९ | श्री तारा गिरी | सदस्य | (हस्ताक्षर) |
| १० | श्री खुमा सुनार | सदस्य | (हस्ताक्षर) |
| ११ | श्री मैकली बुढाथोकी | सदस्य | (हस्ताक्षर) |
| १२ | श्री कमला रावत | सदस्य | (हस्ताक्षर) |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | (हस्ताक्षर) |
| १४ | श्री लक्ष्मी सार्की | सदस्य | (हस्ताक्षर) |

अन्य उपस्थित

श्री कमल चन्द — सहायक चौथो

श्री सन्तोष वोहरा — कार्यालय सहयोगी

श्री सुरेन्द्र प्रसाद थापा — लेखापाल

श्री रविन्द्र ब. शाही

श्री कुलो बहादुर चलाउने — सि. चौथो

**प्रस्तावहरु**

१. गाउँपालिका स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिमा सदस्य मनोनयन सम्बन्धमा ।

२. जनगणनाको लागि कर्मचारी काजमा खटाउने सम्वन्धमा ।

३. औषधि उपचार खर्च सम्बन्धमा।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. तिजको दरखाने कार्यक्रम, बजार सरसफाई र विश्वकर्मा पूजा कार्यक्रममा भएको खर्च सम्बन्धमा ।

६. जागृति आवि बाँझकाँडामा शिक्षक काजमा खटाउने सम्बन्धमा ।

७. कोभिड अस्पतालमा कार्यरत कर्मचारीको तलव सम्वन्धमा ।

८. ज्यालादारीमा काम लगाएको पारिश्रमिक भुक्तानी समन्धमा ।

९. जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई सोलार हस्तान्तरण सम्वन्धमा ।

१०. सार्वजनिक सुनवाई सम्बन्धमा ।

११. स्वास्थ्य संस्थाहरुको लागि ल्याव असिस्टेन्ट र कार्यालय सहयोगीको विज्ञापन गर्ने सम्बन्धमा ।

१२. विविध

अध्यक्ष

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १:**

सिद्धकुमाख गाउँपालिकाको गाउँपालिका स्तरीय स्वास्थ्य सुशासन एवं गुणस्तर सुनिश्चितता तथा अनुगमन समितिमा तपशिल बमोजिमका सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

तपशिलः

क) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरुमध्येबाट श्री हरि ढकाल

ख) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट श्री देवी बुढाथोकी

ग) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट श्री नन्दलाल बोहरा

घ) गाउँ क्षेत्रभित्र कार्यरत पारामेडिक्स तथा निजी औषधि व्यवसायी मध्येबाट श्री नविन रेउले

ङ) गाउँ क्षेत्रभित्रका स्वास्थ्य सम्बन्धि गैरसरकारी संस्थाहरु मध्येबाट श्री लोक बहादुर वि.क.

च) दलित, जनजाती, सीमान्तकृत र अल्पसंख्यक मध्येबाट श्री सुनिल नेपाली र राधिका घर्ती

छ) स्वास्थ्य संस्था प्रमुखहरु मध्येबाट श्री शिशिर रिजाल

**निर्णय नं. २**

जिल्ला जनगणना कार्यालय सल्यानको पत्र संख्या ०७८/७९ च.नं. ११२ मिति २०७८/०६/०६ को पत्रानुसार १ जना खरिदार वा सो सरहको कर्मचारी काजमा खटाई दिन अनुरोध भई आएकोले सिद्धकुमाख गाउँपालिका वडा नं. १ मा कार्यरत सलेपा श्री देवराज बस्नेतलाई २०७८/०६/१३ देखि २०७८/०८/१५ सम्मका लागि काजमा खटाउने निर्णय गरियो ।

**निर्णय नं. ३:**

यस गाउँपालिकामा कार्यरत ना.प्रा.स. श्री चन्द्र बहादुर के.सी. लाई मिति २०७८/०३/२९ गते साँझ वडा नं. १ र २ का उपभोक्ता समिति र ठेकेदारका व्यक्तिहरुले कानमा हानेर जाली फुटाउने जस्तो अपराधिक काम गरेकोले उहाँको औषधि उपचारको लागि रु २५,००० (अक्षेरेपी पच्चीस हजार मात्र) सहायता दिने निर्णय गरियो ।

**निर्णय नं ४:**

यस गाउँपालिकाका तपसिलका व्यक्ति तथा संस्थाहरुलाई तपसिल बमोजिमको रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नाम थर | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | हिरामणी कामी | सिद्धकुमाख २ | ३००० (तिन हजार मात्र) | पहिरोका कारण घरको आँगन भत्कन गई घर |

ध्वज बहादुर खलाउने
अध्यक्ष

सिद्धकुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | जोखिममा रहेको |
| २. | दिपक वि.क. | सिद्धकुमाख २ | ५००० पाँच हजार मात्र | वर्षाका कारण घर भत्केको |
| ३. | विष्णु वि.क. | | ५००० पाँच हजार मात्र | वर्षाका कारण घर भत्केको |
| ४. | अमृती बस्नेत | सिद्धकुमाख १ | २०००० बीस हजार मात्र | मेरुदण्ड भाँचिएको |
| ५. | कलौटी बुढाथोकी | सिद्धकुमाख २ | २०००० बीस हजार मात्र | क्यान्सर पिडित |
| ६. | तिलक बहादुर बोहरा | सिद्धकुमाख २ | २०००० बीस हजार मात्र | मृगौला पिडित |
| ७. | सर्वव्यापी युवा क्लव | सिद्धकुमाख ३ | २५००० पच्चीस हजार मात्र | भलिबल प्रतियोगिता संचालन गर्न |
| ८ | ढोरचौर प्रहरी चौकी | सिद्ध कुमाख ३ | १०००० दश हजार मात्र | बडा दशैमा वलि पुजा गर्न |

**निर्णय नं. ५**

नेपाली हिन्दु महिलाहरुको महान् चाड हरितालिका तीजको अवसरमा दरखाने कार्यक्रम, निजामती सेवा दिवसको अवसरमा ढोरचौर बजारमा सरसफाई कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पंजीकरण विभागको दर्ता शिविरमा कर्मचारीहरुको खानबस्न खर्च र असोज १ गते विश्वकर्मा पुजाको अवसरमा भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

जागृति आधारभूत विद्यालय बाँझकाँडामा राहत दरबन्दीमा रिक्त शिक्षक करारमा पदपूर्ति गर्न शिक्षा ऐन अनुसार गठन हुने शिक्षक छनौट समितिमा रहनुभएका प्रधानाध्यापकको नातेदार परीक्षार्थी रहेको र उक्त विद्यालयमा निमित्त भई काम गर्न अर्को शिक्षक पनि नभएकोले श्री हिमालय आ.वि माँझखर्कमा कार्यरत शिक्षक अर्जुन गिरीलाई १० दिनको लागि काजमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिकामा रहेको अस्थायी कोभिड अस्पतालको लागि करारमा भर्ना गरिएका तपसिलका कर्मचारीहरुको करार अवधि २०७८/०४/०१ देखि २०७८/०९/२९ गतेसम्म

चित्र बहादुर चलाउने
अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

थप गरी संघीय सरकारबाट अनुदान प्राप्त भएपछि शोधभर्ना गर्नेगरी गाउँपालिकाको आन्तरिक श्रोतबाट तलब भत्ता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस गाउँ कार्यापालिकाको कार्यालय पुरानो स्थानबाट नयाँ भवनमा सर्दा सामान ढुवानी गरेका, कार्यालय परिसर तथा कोठाहरुमा सरसफाईको काममा तपसिलका कामदारहरुलाई ज्यालादारीमा काम लगाइएकोले जिल्ला दररेट अनुसार दैनिक ज्याला भुक्तानी गर्ने निर्णय गरियो । साथै कार्यालयको कोठाहरु, शौचालय र परिसरको दैनिक सरसफाई गर्नको लागि सिद्धकुमाख ३ बस्ने करवीर बोहरालाई काम गरेको दिनको ज्याला रु ४०० दिनेगरी दैनिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं ९**

जिल्ला ट्राफिक कार्यालय प्रहरी सल्यानलाई कार्यालय प्रयोजनका लागि २०० वाट क्षमता बराबरको १ सेट सोलार जडान गरिदिने निर्णय गरियो ।

**निर्णय नं १०**

दशैं तथा तिहारमा बीचमा शनिवार पर्नेगरी गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईको आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

यस गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा संचालनमा ल्याउन ४ जना ल्याव असिस्टेन्ट र ३ जना कार्यालय सहयोगीहरुलाई करारमा भर्ना गर्न खुला विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

यस गाउँपालिका अन्तरगत ढोरचौर उचाल्ने सडकको फलाटे खण्डमा अमानतबाट सडक ग्राभेल गरेकोले टयाक्टरबाट गिट्टी बालुवा ढुवानी गरेको ४ दिनको ढुवानी भाडावापत रु २४००० टयाक्टरधनीलाई भुक्तानी दिने निर्णय गरियो ।

अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

बैठक संख्या: २०७८/७९-४

आज मिति २०७८/०७/११ गते बिहीबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

**उपस्थिति**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | |
| ४ | श्री राम बहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | |
| ५ | श्री रुद्र बहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | |
| ७ | श्री विर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ९ | श्री तारा गिरी | सदस्य | |
| १० | श्री खुमा सुनार | सदस्य | खुमा |
| ११ | श्री मैकली बुढाथोकी | सदस्य | मैकली |
| १२ | श्री कमला रावत | सदस्य | कमला |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | |
| १४ | श्री लक्ष्मी साकी | सदस्य | लक्ष्मी |

**अन्य उपस्थित**

श्री भिमलाल भण्डारी सूचना प्रविधि अधिकृत

श्री सुरेन्द्र प्रसाद उपाध्याय प्र. प्रशासकीय अधिकृत

श्री कमल चन्द्र सहायक चौथो

श्री कृष्ण ब. चलाउने ना. सु. चौथो

**प्रस्तावहरु**

१. स्थानीय तह स्वास्थ्य वीमा संयोजन समिति गठन सम्वन्धमा ।

२. मेडपा कार्यक्रम वडा छनौट सम्वन्धमा ।

३. उपभोक्ता समिति गठन सम्वन्धमा ।

४. आसमान नेपाल LANN+ सल्लाहकार समिति गठन सम्वन्धमा ।

५. सामुदायिक विद्यालयमा करारमा विद्यालय कर्मचारी छनौट सम्वन्धि कार्यविधि २०७८ सम्वन्धमा ।

६. आर्थिक सहायता सम्वन्धमा ।

७. तारजाली उपलव्ध गराउने सम्वन्धमा ।

८. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

चित्र बहादुर बलाउने
अध्यक्ष

सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं १:**

यस गाउँपालिकामा स्वास्थ्य विमा कार्यक्रमलाई संयोजन गर्न तपशिल बमोजिमको गाउँपालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष श्री चित्र बहादुर चलाउने | - संयोजक |
| २. वडाध्यक्ष श्री राम बहादुर वस्नेत | - सदस्य |
| ३. महिला स्यंवसेविका श्री राधिका घर्ती | - सदस्य |
| ४. स्वास्थ्यकर्मी श्री नविन रेउले | - सदस्य |
| ५. स्वास्थ्य शाखा प्रमुख श्री सुरेन्द्र प्रसाद यादव | - सदस्य |
| ६. दर्ता अधिकारी स्वास्थ्य विमा वोर्ड | - सदस्य |
| ७. प्रमुख प्रशासकीय अधिकृत मार्शल कुमार ओली | - सदस्य सचिव |

**निर्णय नं २:**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन गर्नको लागि नयाँ उद्यमी छनौट कार्यक्रम वडा नं १ र ३ सञ्चालन गर्ने र स्तरउन्नती कार्यक्रम वडा नं १, २, ४ र ५ मा सञ्चालन गर्ने गरी मेडपा कार्यक्रमको वडा छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:**

गाउँपालिकाको आव २०७८/७९ को लागि उपभोक्ता समिति मार्फत गर्नुपर्ने योजना सञ्चालन गर्नको लागि सवै वडामा मिति २०७८ साल मंसिर महिनाको पहिलो साता भित्र उपभोक्ता समिति गठन गरि सक्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

यस गाउँपालिकामा आसमान नेपाल LANN+ ले विभिन्न कार्यक्रम गर्नको लागि गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष र स्वास्थ्य संयोजक रहने गरी सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयमा विद्यालय कर्मचारी भर्ना गर्दा सहज वनाउनको लागि सामुदायिक विद्यालयमा करारमा विद्यालय कर्मचारी छनौट सम्वन्धि कार्यविधि २०७८ सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ६:**

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयवाट सिफारिस भै आएका र विभिन्न कार्यक्रम गर्नको लागि विभिन्न संघ संस्थाले आर्थिक सहायत माग गरेको हुँदा तपशिल बमोजिकको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

चित्र बहादुर चलाउने
अध्यक्ष

प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**तपशिलः**

| सि.न. | आर्थिक सहायता माग गर्ने व्यक्ति/ संस्थाको नाम | ठेगाना | सहायता रकम अंकमा | अक्षरमा | सहायता माग गर्नुको कारण |
|---|---|---|---|---|---|
| १ | कालिका स्पोर्टस युनिभर्स | सारदा नपा २ सल्यान | १५००० | पन्ध्र हजार मात्र | व्याडमिन्टन खेल प्रवर्धन |
| २ | क्रिकेट संघ सल्यान | सारदा नपा १ खंलगा | १५००० | पन्ध्र हजार मात्र | क्रिकेट खेलको लागि सामग्री खरिद |
| ३ | पेशल बोहरा | सिद्ध कुमाख ५ | ३००० | तिन हजार मात्र | वर्षाका कारण घर भत्किएको |
| ४ | सिद्धान्त वस्नेत | सिद्ध कुमाख ५ | ३००० | तिन हजार मात्र | वर्षाका कारण गोठ भत्किएको |

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिका ४ करेङ्ली टोल बस्ने श्री कुल वहादुर खड्का र सन्दिप खड्काको अविरल बर्षाको कारण घर वरिपरी चिरा परेकोले आवश्यक तारजाली खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८:**

यस आवको श्रावन १ गते, भदौ १३ गते र असोज १२ गते वसेको कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यन्वयन भए नभएको समिक्षा गरी कार्यन्वयन नभएका निर्णयहरु यथाशिघ्र कार्यन्वयन गर्ने निर्णय गरियो ।

अध्यक्ष

प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

सिद्ध कुमाख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढोरचौर, सल्यान

बैठक संख्या: २०७८/७९-६

आज मिति २०७८/०९/०२ गते शुक्रबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

**उपस्थिति**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | |
| ४ | श्री राम बहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | |
| ५ | श्री रुद्र बहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | |
| ७ | श्री बिर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ९ | श्री तारा गिरी | सदस्य | |
| १० | श्री खुमा सुनार | सदस्य | |
| ११ | श्री मैकली बुढाथोकी | सदस्य | |
| १२ | श्री कमला रावत | सदस्य | |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | |
| १४ | श्री लक्ष्मी साकी | सदस्य | |

**अन्य उपस्थित**

श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

श्री कमल चन्द — लेखापाल

श्री रण ब. बोहरा — जे. सि. अ.

श्री नवराज आचार्य — प्र. प्रा.

**<u>प्रस्तावहरु</u>**

१. सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धमा ।

२. वडा नं २ को कार्यालय भवनको लागि जग्गा पास सम्वन्धमा ।

३. प्राविधिक कर्मचारी इन्जिनियर १ जना र सब इन्जिनियर १ जना पदमा विज्ञापन खोल्ने सम्वन्धमा ।

४. कार्यालय सहयोगी पदको विज्ञापनको लागि म्याद थप सम्वन्धमा ।

५. विविध ।

**निर्णय नं १:**

आव २०७८/७९ को पहिलो चौमासिक सम्मको सार्वजनिक सुनूवाई यस गाउँपालिकाको वडा नं ३ को वडा कार्यालयमा मिति २०७८ साल पौष ४ गते आइतवारका दिन गर्ने निर्णय गरियो ।

**निर्णय नं २:**

सल्यान जिल्ला साविक बाँझकाडा गाविस वडा नं ५ विनिता चलाउनेको नाममा दर्ता श्रेस्ता कायम भएको कित्ता नं २८१७ को जग्गा मध्ये २-२-०-० जग्गा वडा नं २ को वडाकार्यालयको नाममा निशुल्क दान दिन चाहेको भनि निवेदन पेश गरेकोले उक्त जग्गा ग्रहन गरी गाउँपालिकाको नाममा पास गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:**

यस गाउँपालिकाको नेपाल इन्जिनियरिङ सेवाका सिभिल इन्जिनियर छैठौ तह र पाँचौ तहका कर्मचारीको पद रिक्त रहेको हुदाँ करार सेवाबाट पदपुर्ति गर्न इन्जिनियर (छैठौं तह) १ जना र सव-इन्जिनियर (पाँचौ तह) १ जनाको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

मिति २०७८/०८/१४ गते युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन भएको विज्ञापनमा वडा नं २ अन्तर्गतको सामुदायिक स्वास्थ्य इकाइ भडारे र वडा नं ४ अन्तर्गतको सामुदायिक स्वास्थ्य इकाइ डाडाकटेरीको लागि कार्यालय सहयोगी माग गरिएकोमा न्यून संख्यामा आवेदन परेको र सवै ठाउँमा पत्रिकाको पहुँच नहुनाले सूचना नपाएको भन्ने जनगुनासोलाई मध्यनजर गर्दै थप ७ दिनको समय दिइ दोस्रोपटक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५:**

शान्ति आवि उपल्लो बाँझकाडामा कार्यरत कार्यालय सहयोगी तोला वुढाथोकी विद्यालय मर्ज भएको कारण निजलाई श्री वाल उद्यान प्रावि सिद्ध कुमाख ४ चाँदेकरेञ्जीमा गाउँ शिक्षा समितिको २०७८/०५/०४ गतेको निर्णय अनुसार हाजिर हुन पठाइएकोमा उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिले २०७८/०८/११ गतेको वैठकले निजलाई हाजिर नगराउने निर्णय गरेकोले निज तोला वुढाथोकीलाई यस गाउँ कार्यपालिकाको कार्यालयमा हाजिर गराउने निर्णय गरियो । साथै वाल उद्यान प्राविलाई रिक्त कार्यालय सहयोगी र वाल विकास शिक्षक विज्ञापन गर्न अनुमति दिने निर्णय गरियो ।

सिद्ध कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढोरचौर, सल्यान

प्रमाणित गर्दछु

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बैठक संख्या: २०७८/७९-५

आज मिति २०७८/०८/१८ गते शनिबारका दिन बिहान ११ बजे सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

**उपस्थिति**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | |
| ४ | श्री राम बहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | |
| ५ | श्री रुद्र बहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | |
| ७ | श्री बिर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ९ | श्री तारा गिरी | सदस्य | |
| १० | श्री खुमा सुनार | सदस्य | |
| ११ | श्री मैकली बुढाथोकी | सदस्य | |
| १२ | श्री कमला रावत | सदस्य | |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | |
| १४ | श्री लक्ष्मी साकी | सदस्य | |

अन्य उपस्थित

श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

श्री राम कुमार डाँगी — रोजगार संयोजक

श्री हिमा कुमारी रेग्मी — ना. सु.

श्री कृष्ण बि. चलाउने — प्र. प्रा.

**प्रस्तावहरु**

१.बिद्युत प्राधिकरणको खातामा रकम जम्मा गर्ने सम्वन्धमा ।

२.गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।

३.प्राविधिक धारको छात्रवृत्ति सम्वन्धमा ।

४.आर्थिक सहायता सम्वन्धमा ।

५.भवन निर्माण मापदण्ड तथा नक्सापास सम्वन्धमा ।

६.सेवा प्रवाह सम्वन्धमा ।

७.मूख्यमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।

८.प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।

९.बाख्राको पकेट विकाश कार्यक्रम सम्वन्धमा ।

१०. उद्यम सहजकर्ताको विज्ञापन सम्वन्धमा ।

११. सौर्य उर्जा जडान सम्वन्धमा ।

१२. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

१३. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं १:**

नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रको पत्र संख्या २०७८/७९ च.नं ३१० मिति २०७८/०८/१३ को प्राप्त पत्रानुसार यस गाउँपालिकाको आ.व. २०७८/७९ का लागि वडा नं ४ र ५ मा विद्युतिकरण सम्वन्धि योजनाको लागि विनियोजन गरेको रकम रु ८० लाख नेपाल विद्युत प्राधिकरण सल्यान वितरण केन्द्रको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं ०७४००१००७१३५०३००००01 मा रकम जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं २:**

मिति २०७८ साल मंसिर १७ गते बसेको गाउँ शिक्षा समितिले गरेको सम्पुर्ण निर्णयहरु सर्व सम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३:**

यस गाउँपालिकाको छात्रवृति वितरण सम्वन्धि कार्यविधि २०७७ अनुसार प्राविधिक विषयमा प्रविणता तह अध्ययनको लागि डिप्लोमा इन सिभिल इन्जिनियरिङ कोटामा गाउँपालिकाले तोकेको सहिद नेत्रलाल बहु प्राविधिक शिक्षालय शा.न.पा. ४ सल्यानमा नाम निकाल्न सफल सिद्ध कुमाख २ की ओम कुमारी बोहरालाई छात्रवृत्ति छनौट तथा सिफारिस समितिले छनौट गरी गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरेकोले उक्त समितिको सिफारिस बमोजिम श्री ओम कुमारी बोहरालाई कार्यविधि बमोजिमको छात्रवृत्ति वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट सिफारिस भै आएका विभिन्न व्यक्ति तथा संस्थाहरुले आर्थिक सहायत माग गरेको हुँदा तपशिल बमोजिकको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

**तपशिल:**

| सि.न. | आर्थिक सहायता माग गर्ने व्यक्ति/ संस्था | ठेगाना | सहायता रकम अंकमा | अक्षरमा | सहायता माग गर्नुको कारण |
|---|---|---|---|---|---|
| १ | फागुनी बुढाथोकी | सिद्ध कुमाख १ | १५००० | रु पन्ध्र हजार | पेटको अल्सर समस्या |
| २ | विर बहादुर चलाउने | सिद्ध कुमाख २ | ५००० | रु पाँच हजार | पहिरोले घरमा क्षेती |
| ३ | रत्न स्मृति युवा क्लव | सिद्ध कुमाख २ | २५००० | रु पच्चिस हजार | खेलकुद तथा साँस्कृतिक कार्यक्रम संचालन |

प्रमाणित गर्छु

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

**निर्णय नं ५:**

यस गाउँपालिकाको वस्ती विकास तथा भवन निर्माण सम्बन्धि विस्तृत मापदण्ड २०७८ को प्रारम्भिक मस्यौदा उपर छलफल गरी तपशिल बमोजिम हुनेगरी अन्तिम प्रतिवेदनमा पेश गर्ने निर्णय गरियो ।

तपशिलः

क. यस मापदण्ड लागु हुनु भन्दा पहिले निर्माण भएका घरको सन्दर्भमा सडकको क्षेत्राधिकार बाहिरका मात्र घर तथा घरका कोठालाई मात्र बैंक प्रयोजनका लागि अभिलेखिकरण गर्ने ।

ख. भवन निर्माण गर्दा सडको क्षेत्राधिकार बाहेक घरको अगाडी १.५ मिटर र साईडमा झ्याल राखु पर्ने भएमा १ मिटर सेटव्याक छोडेर आवासिय भवन निर्माण गर्ने ।

ग. यस गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने क, ख, ग र घ वर्गका सडकहरुको क्षेत्राधिकार क्रमश १५ मिटर, १२ मिटर, १० मिटर र ६ मिटर तोक्ने ।

**निर्णय नं ६:**

यस सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालयर र वडा कार्यालयहरुवाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाइ प्रभावकारी बनाउन तपशिल बमोजिम निर्णय गरियो ।

तपशिलः

क. गाउँ कार्यपालिकाको कार्यालयमा हेल्प डेस्क र गुनासो पेटिका/ गुनासो दर्ता किताव राख्ने ।

ख. सार्वजनिक सेवालाई क्रमश विधुतिय प्रणालीबाट प्रदान गर्दै लैजाने ।

ग. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित वनाउन टोकन प्रणाली लागु गर्ने ।

**निर्णय नं ७:**

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कर्णाली प्रदेश सरकारले छनौट गरि पठाएका तपशिलका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | बजेट |
|---|---|---|---|
| १ | कागखोला मेलचौर उपल्लो बाँझकाडा सडक स्तरोन्नती तथा निर्माण | सिद्ध कुमाख १ | २६२१०००/- |
| २ | आरेचौर फल्लेखर्क भलाथान हुदै फन्दारा मोटरबाटो स्तरोन्नती | सिद्ध कुमाख २ | २१५५०००/- |
| ३ | ढोरचौर देखि कल्याचौर हुदै डाडाकटेरी हिमालय निमावी जोड्ने मोटरबाटो | सिद्ध कुमाख ३ | १३५००००/- |

सिद्ध कुमाख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ढोरचौर, सल्यान

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| ४ | तालिगाउँ गोरेटो बाटो निर्माण | सिद्ध कुमाख ३ | ९५००००/- |
| ५ | सिस्नेरी सागिने रत्नताल सडक निर्माण योजना | सिद्ध कुमाख ४ | २३७२०००/- |
| ६ | छापडाडा घडेरी सडक स्तरोन्नती निर्माण आयोजना | सिद्ध कुमाख ५ | १११८०००/- |
| ७ | माझखर्क राम्री मोटरबाटो नालि काट्ने जाली भर्ने र ह्यूम पाइप जडान कार्य | सिद्ध कुमाख ५ | १००००००/- |

**निर्णय नं ८:**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा कार्यालयले सिफारिस गरि पठाए बमोजिम तपशिलका योजना छनौट गर्ने निर्णय गरियो ।

तपशिल:

| क्र.स. | योजनाको नाम | कार्यान्वयन हुने स्थान | वजेट |
|---|---|---|---|
| १ | पटारे हम्पाल हुदै बा न पा १ जोड्नो सडक निर्माण योजना | सिद्ध कुमाख १ | २१९२६००/- |
| २ | देविदर्का तल्लो बाँझकाडा सडक निर्माण योजना | सिद्ध कुमाख १ | २१३४९००/- |
| ३ | वासखोला वलीडेरी सडक मर्मत योजना | सिद्ध कुमाख १ | १६७३३००/- |
| ४ | कुकुरेखोर उपल्लो बाँझकाँडा सडक स्तरोन्नति निर्माण योजना | सिद्ध कुमाख १ | १४४२५००/- |
| ५ | धानेटाकुरा हाम्पाल सडक स्तरोन्नति निर्माण योजना | सिद्ध कुमाख १ | ९२३२००/- |
| ६ | नाउला ओराल गाउँ हुदैं जुगेपानी गोरेटो बाटो निर्माण | सिद्ध कुमाख २ | ११५४०००/- |
| ७ | पल्लो कल्लेचौर देखि वाल्लो कल्लेचौर जोड्ने सडक बाटो | सिद्ध कुमाख ३ | १४४२५००/- |
| ८ | पिङ हाल्ने डाँडा हुँदै इन्द्रगौरा जोड्ने सडक बाटो | सिद्ध कुमाख ३ | १६७३३००/- |
| ९ | झारगाउँ खरीदोला हुँदै गतेर्ना जोड्ने सडक बाटो | सिद्ध कुमाख ३ | २२५०३००/- |
| १० | भाङखोला हुदै छापडाडा जोड्ने | सिद्ध कुमाख ४ | २४८११००/- |

सिद्ध कुमाख गाउँपालिका कार्यपालिकाको कार्यालय ढोरचौर, सल्यान

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | गोरेटो बाटो निर्माण | | |
| ११ | सौडोटा घरजले हुदै ठुल्तिनु सम्म जोड्ने गोरेटो बाटो निर्माण | सिद्ध कुमाख ४ | २४२३४००/- |
| १२ | दह राम्री भिरबाटो गोरेटो बाटो निर्माण | सिद्ध कुमाख ५ | १७८८७००/- |
| १३ | भैसीमारे बिच गाउँ सडक मर्मत | सिद्ध कुमाख ५ | १७३१०००/- |

**निर्णय नं ९:**

संघिय सरकारको ससर्त अनुदान अनुसार बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट विकास कार्यक्रम) संचालनको लागि यस गाउँपालिकाको वडा नं १ र ३ छनौट गर्ने निर्णय गरियो । साथै कर्णाली प्रदेश सरकारको एक पालिका एक उत्पादन केन्द्र संचालन गर्न वडा नं ४ छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं १०:**

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को दफा ५ बमोजिम १ जना उद्यम विकास सहजकर्ता (चौथो तह) को बिज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११:**

बाझकाडा स्वास्थ्यचौकी र निराजन माविमा सौर्य उर्जा जडान गर्ने निर्णय गरियो ।

**निर्णय नं १२:**

आ.व. २०७८/७९ का लागि गाउँसभाले स्वीकृत गरेका योजनाहरुको कार्यान्वयन गर्न धेरै जसो योजनाहरुको लागि उपभोक्ता समिति गठन भैसकेको र कतिपय योजनाको उपभोक्ता समिति गठन नभएको विषयमा समिक्षा गरी १ हप्ताभित्र यथासिघ्र उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं १३:**

कर्णाली प्रदेश सरकारबाट ससर्त अनुदान तर्फ आ.व. २०७८/७९ का लागि विनियोजन भएको कुमाख कालालेख सडक स्तरोन्नती योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने निर्णय गरियो ।

प्रमाणित गरेको

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष

बैठक संख्याः २०७८/७९-७

आज मिति २०७८/०९/२९ गते बिहिबारको दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

**उपस्थिति**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | |
| ४ | श्री राम बहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | |
| ५ | श्री रुद्र बहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | |
| ७ | श्री विर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ९ | श्री तारा गिरी | सदस्य | |
| १० | श्री खुमा सुनार | सदस्य | |
| ११ | श्री मैकली बुढाथोकी | सदस्य | |
| १२ | श्री कमला रावत | सदस्य | |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | |
| १४ | श्री लक्ष्मी साकी | सदस्य | |

**अन्य उपस्थित**

श्री. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

श्री. कृष्णा कुमारी भण्डारी — शिक्षा अधिकृत

श्री रण ब. बोहरा — का. स.

श्री नवराज उपाध्याय — [illegible]

श्री कुलो बहादुर चलाउने — [illegible]

**<u>प्रस्तावहरु</u>**

१. संघिय समपूरक र विशेष अनुदान अन्तर्गत आयोजना छनौट सम्वन्धमा ।

२. सामुदायिक विद्यालयको इन्टरनेट शुल्क भुक्तानी सम्वन्धमा ।

३. आर्थिक सहायता सम्वन्धमा ।

४. खेलाडी सहभागि गराउने सम्वन्धमा ।

५. वहुक्षेत्रीय पोषण कार्यक्रमको वजेट बाँडफाड सम्वन्धमा ।

६. विविध ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं १:**

आव २०७९/८० का लागि संघिय समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका आयोजनाहरु छनौट गरी राष्ट्रिय योजना आयोगमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपशिलः

**समपूरक अनुदान अन्तर्गतः**

| क्र.स. | आयोजनाको नाम | कार्यान्वयन हुने वडा | संघले वेहोर्ने रकम | गा.पा. ले वेहोर्ने रकम | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | राम्री दह सडक निर्माण योजना | वडा नं ५ | ५० लाख | ५० लाख | १ करोड |
| २ | डाडाँकटेरी-कालालेख-चिनाली सडक स्तरोन्नती | वडा ३ र ४ | ५० लाख | ५० लाख | १ करोड |

**विशेष अनुदान अन्तर्गतः**

| क्र.स. | आयोजनाको नाम | कार्यान्वयन हुने वडा | जम्मा बजेट |
|---|---|---|---|
| १ | बाँझकाडा स्वास्थ्यचौकी भवन निर्माण (क्रमागत) | वडा नं १ | १ करोड |
| २ | दलित महिला आयआर्जन तथा उत्थान कार्यक्रम (सागिने, गोलटाकुरी र उपल्लो बाँझकाडा) | वडा १, २ र ४ | १ करोड |
| ३ | एक घर एक करेसाबारी पोषण विशेष कार्यक्रम | | ५० लाख |
| ४ | महिला आयआर्जन तथा उत्थान कार्यक्रम | वडा नं ३ | ५० लाख |

प्रमाणित गर्ने

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं २:**

आव २०७७/७८ मा तपशिलका सामुदायिक विद्यालयमा इन्टरनेट जडान गरी सेवा उपलव्ध गराए बापत् तपशिलको रकम विद्यालयलाई अनुदान दिने निर्णय गरियो ।

तपशिलः

| सि.न. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | निराजन माध्यमिक विद्यालय ढोरचौर | १९२५५/- |
| २ | वाल कल्यान आ वि फलाँटे | १९२५५/- |
| ३ | सिद्ध मावि फूलगाउँ भडारे | १९२५५/- |
| ४ | देउराली मावि कुइयाँझोल | १९२५५/- |
| ५ | नेपाल राष्ट्रिय मावि छापडाडा | १९२५५/- |
| ६ | महेन्द्र आदर्श मावि बाझकाडा | १९२५५/- |

**निर्णय नं ३:**

यस गाउँपालिका अन्तर्गत वडा नं १ स्थायी निवासी आशाराम रेउले मानसिक रोगबाट ग्रसित भै उपचार गर्नुपर्ने भएकोले आर्थिक सहायता स्वरुप रु २०,०००/- (अक्षरुपी: रु विस हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

जिल्ला खेलकुद विकास समिति सल्यानको पत्र संख्या २०७८/७९ च नं २१६ मिति २०७८/०९/११ को पत्रानूसार कर्णाली प्रदेश स्तरीय मुख्यमन्त्री कपको लागि जिल्ला छनौट प्रतियोगितामा पूरुष भलिवल र महिला भलिवल तर्फका खेलमा सहभागिताको लागि यस गाउँपालिकाबाट खेलाडी पठाउने र खेलाडीहरुको लागि खाना, वस्न, यातायात, ड्रेस र खेल सामाग्री बापत् लाग्ने खर्च व्यहोरिने निर्णय गरियो । साथै जिल्ला खेलकुद विकास समितिलाई खेल सञ्चालनका लागि रु ३०,०००/- (अक्षरुपी: रु तिस हजार मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं ५:**

आव २०७८/७९ को लागि वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत प्राप्त हुने वजेट पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सिफारिस अनुसार तपशिल बमोजिम बाँडफाड गर्ने निर्णय गरियो ।

**तपशिलः**

| सि. न. | कार्यक्रम | वजेट |
|---|---|---|
| १ | नेरा मावि छापडाडामा खानेपानी तथा शौचालय निर्माण | ८ लाख |
| २ | पोषण विशेष कार्यक्रम | ३ लाख |

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ३ | महिला वालबालिका क्षेत्र विशेष कार्यक्रम | १ लाख ५० हजार |
| ४ | शिक्षा क्षेत्र विशेष कार्यक्रम | १ लाख ५० हजार |
| ५ | स्वास्थ्य क्षेत्र विशेष कार्यक्रम | १ लाख ५० हजार |
| ६ | कृषि विकास क्षेत्र कार्यक्रम | १ लाख ५० हजार |
| ७ | पशु विकास क्षेत्र कार्यक्रम | १ लाख ५० हजार |
| ८ | गाउँपालिका र सवै वडामा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा अभिमूखिकरण कार्यक्रम | ५८ हजार |
| ९ | गाउँपालिका र सवै वडामा पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको नियमित वैठक खर्च | १ लाख ७६ हजार |
| १० | पोषण सम्वन्धि बाल अनुदानको उपयोगका लागि आमा तथा शिशु स्याहारकर्तालाई अभिमूखिकरण कार्यक्रम | २ लाख ३५ हजार |
| ११ | पोषण स्यमंसेवकको निर्वाह भत्ता, चाडपर्व खर्च, सञ्चार खर्च र पोषाक भत्ता | २ लाख ७६ हजार |

प्रमाणित गर्ने

प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः २०७८/७९-८

आज मिति २०७८/१०/१० गते सोमबारका दिन बिहान ८ बजे सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री चित्र बहादुर चलाउने ज्युको अध्यक्षतामा सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक देहायको सदस्य तथा व्यक्तिहरुको 'उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि देहायको निर्णयहरु गरियो ।

उपस्थिति

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चित्र बहादुर चलाउने | अध्यक्ष | |
| २ | पुष्पा कुमारी बोहरा | उपाध्यक्ष | |
| ३ | श्री मार्शल कुमार ओली | सचिव | |
| ४ | श्री राम बहादुर बस्नेत | वडा अध्यक्ष, १ नं. वडा | |
| ५ | श्री रुद्र बहादुर बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ६ | श्री शालिकराम बुढाथोकी | वडा अध्यक्ष, ३ नं. वडा | |
| ७ | श्री बिर बहादुर खड्का | वडा अध्यक्ष, ४ नं. वडा | |
| ८ | श्री नन्दलाल बोहरा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ९ | श्री तारा गिरी | सदस्य | |
| १० | श्री खुमा सुनार | सदस्य | |
| ११ | श्री मैकली बुढाथोकी | सदस्य | |
| १२ | श्री कमला रावत | सदस्य | |
| १३ | श्री मान बहादुर दमाई | सदस्य | |
| १४ | श्री लक्ष्मी सार्की | सदस्य | |

अन्य उपस्थित

श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

श्री कमल चन्द — प्रशासन सहायक

श्री हिमा रेउले — का.स.

श्री टेकराज आचार्य — ह. पाले

**प्रस्तावहरु**

१. जग्गा स्वीकृत सम्वन्धमा ।

२. LISA को नतिजा अनुमोदन सम्वन्धमा ।

प्रमाणित

CamScanner

**निर्णय नं १:**

मिति २०७८/०९/०२ गते बसेको कार्यपालिका बैठकले सल्यान जिल्ला साविक बाँझकाडा गाविस वडा नं ५ बस्ने विनिता चलाउनेको नाममा दर्ता श्रेस्ता कायम भएको किता नं २८१७ को ४-०-०-१ क्षेत्रफल जग्गा मध्ये २-२-०-० जग्गा वडा कार्यालयको नाममा रजिष्ट्रेशन पास गर्ने गरि ग्रहन गर्ने निर्णय गरेकोमा नापी कार्यालय सल्यानको स्थलगत नापजाँच तथा प्रतिवेदन अनुसार १-१५-१-२ क्षेत्रफल भएको जग्गा मात्र निज विनिता चलाउनेले वडा नं २ को वडाकार्यालयको नाममा निःशुल्क दान दिन चाहेको हुदाँ उक्त जग्गा (४-०-०-१ क्षेत्रफल जग्गा मध्ये १-१५-१-२) ग्रहन गरी वडा नं २ को वडा कार्यालयको नाममा रजिष्ट्रेशन पास गर्ने निर्णय गरियो ।

**निर्णय नं २:**

